# सामुदायिक वनमा सेवा व्यवस्थापनको चुनौति र नागरीक समाजको भूमिकाः
# डा. केशवराज कणेलसँगको अन्तरवार्ता

नेपालमा सामुदायिक वन उपभोक्ता समूहहरूको संख्या दिनानुदिन बढ्दो छ । हालसम्म अधिराज्यभरी यस्ता समूहको संख्या १२,५६० पुगिसकेको छ । यसैगरी यी समूहहरूलाई आवश्यक पर्ने सेवा, सल्लाह र सहयोगको माग पनि बढ्दो छ । धेरै संख्यामा समूह गठन र नवीकरणका लागि निवेदनको खात जिल्ला वन कार्यलयहरूमा थुप्रिएका छन् । बिडम्वनाको कुरो यो छ कि समूहहरूलाई सहयोग गर्ने आधिकारिक निकाय श्री ५ को सरकारको मातहतका जिल्ला वन कार्यालयहरूको क्षमता भने वृद्धि भएको छैन । अर्कोतिर सरकारले यस सम्बन्धी काम गर्ने निजी क्षेत्र र गैर सरकारी क्षेत्रले गरेको वा गर्न सक्ने सहयोगलाई खुलेर मान्यता दिन पनि सकिरहेको छैन । कतिपय जिल्लामा त यी क्षेत्रका प्राविधिक तथा कर्मचारीले गरेको कामलाई सिधै इन्कार गरिएका उदाहरणहरू पनि छन् । यसै सन्दर्भमा उपभोक्ता समूहलाई आवश्यक परेको सेवा र उपलब्ध मानवीय स्रोतको अवस्थाको बारेमा सामुदायिक वन महाशाखाका प्रमुख डा. केशवराज कणेलसँगको अन्तरवार्ता यहाँ संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

> ............ परिस्थिती यसरी परिवर्तन भइसक्यो कि अब श्री ५ को सरकारको जनशक्तिले मात्र यो बढ्दो मागलाई पुरा गर्न सक्ने स्थिति छैन । यस काममा गैर सरकारी संस्थाहरू र निजि क्षेत्र समेतको सहयोगको अपरिहार्यता भइसकेको छ ।

☞ आजभोलि उपभोक्ता समूहहरुले आफूलाई चाहिने सेवा र सल्लाहहरु कम पाउन थालेका छन् भन्ने गुनासाहरु सुनिन्छन् । श्री ५ को सरकार अन्तर्गतका निकायहरुमा उपलब्ध जनशक्ति पर्याप्त छैन भन्ने जस्ता सवालहरु उठिरहेको बेला यहाले सामुदायिक वन महाशाखाको प्रमुखका हैसियतले यस विषयमा के सोच बनाउनु भएको छ ?

✍ हेर्नुहोस्, परिस्थिति यसरी परिवर्तन भइसक्यो कि अब श्री ५ को सरकारको जनशक्तिले मात्र यो बढ्दो मागलाई पुरा गर्न सक्ने स्थिति छैन । यस काममा गैरसरकारी संस्थाहरू र निजि क्षेत्र समेतको सहयोगको अपरिहार्यता भइसकेको छ ।

☞ कार्ययोजना बनाउने लगायतका अन्य कामहरु सरकारी निकायहरुको ठेक्का जस्तो देखिएको छ । कतिपय उदाहरणहरु यस्ता पनि छन् जहाँ पेशेवर प्राविधिकहरुको सहयोगमा उपभोक्ताहरुले तयार गरेको कार्ययोजनाका प्रविधिक पक्षहरु जिल्ला वन अधिकृतले एकजना वन रक्षकलाई चेक गराउन दिएका उदाहरणहरु पनि छन् । यस्ता कुराहरुलाई कसरी सहज बनाउन सकिएला ?

✍ कार्ययोजना बनाउने काम वन उपभोक्ताको हो र जिल्ला वन अधिकृत (जि.व.अ.) ले स्वीकृति गर्ने हो, त्यसमा ऐनले बीचका प्राविधिक वा अन्य सहयोगी राख्नुपर्छ पर्दैन भन्ने केही भनेको छैन । जि.व.अ.ले आफ्नो सजिलोको लागि आफ्नो मातहतका रेन्जर वा अन्य वन कर्मचारीलाई त्यसको कानुनी, प्राविधिक पक्ष हेर्न लगाउनु उनीहरूको आफ्नै कुरा हो ।

कमसेकम आफू मातहतका कर्मचारीहरूले केही तलमाथि गर्दैनन् भन्ने विश्वासले उनीहरूलाई उपभोक्ताबाट पारित भई आएको कार्ययोजना एवं विधान हेर्न दिने वा उक्त विधान कार्ययोजना निर्माणको प्रक्रियामा सहयोगीको रूपमा मात्र हेरिएको होला । यो एउटा व्यवहारिक पक्ष मात्र हो ।

बाहिरका प्राविधिक वा अन्य निकायलाई कति विश्वास गर्ने भन्ने कुरा आपसी सम्बन्धले निर्धारण गर्ने कुरा हो । निजी क्षेत्रहरूलाई सहभागी गराउने कुरा सँगसगै त्यस्ता ठाँउमा उनीहरूको जवाफदेहिताको प्रतिबद्धता पनि हुनुपर्छ । उदाहरणको लागि कार्ययोजना तयार गर्दा गैह्रसरकारी संस्था (गै.स.स.) लाई समावेश गराउँदा केही तलमाथि परेमा उनीहरू समेत जवाफदेहि हुनैपर्ने प्रावधान भएमा त्यो अलि सहज हुन सक्छ । अहिले त स्वीकृत गर्ने जो अधिकारी हो, पछि यताउता भएमा ऊ मात्रै जिम्मेवार हुन्छ ।

☞ एकातर्फ गै.स.स. र निजी क्षेत्रको सहयोग सामुदायिक वन विकासमा आवश्यक छ भन्ने कुरा पनि आयो अर्कोतर्फ उनीहरुको विश्वसनीयता र प्रतिवद्धताको प्रश्न पनि उठाउनुभयो यो विवादास्पद कुरालाई कसरी सही निकास दिन सकिन्छ ?

✍ उदाहरणको लागि ऐनलाई हेर्नुहुन्छ भने कार्ययोजना सम्बन्धित वन उपभोक्ताहरूले बनाउने र सो को स्वीकृति जि.व.अ.ले गर्ने व्यवस्था छ । अब सहयोग त अरूले पनि गर्न सक्छन् । यद्यपि जिल्ला वन अधिकृत मातहतको रेन्जरलाई कार्ययोजना निर्माण र हस्तान्तरण प्रक्रियामा समावेश गराउँदा जिल्ला वन अधिकृतलाई अलि विश्वास हुन्छ । पछि समस्या परेमा उसको सहयोग फेरि पनि लिन सकिन्छ । किनकि हालको कानूनी व्यवस्था अनुसार उपभोक्ता समूहको कार्ययोजनामा सहयोगी संस्थाको तर्फबाट जि.व.अ. को मात्र हस्ताक्षर हुन्छ र अन्य संस्थाहरू कानूनी रूपले जिम्मेवार हुनुपर्छ भन्ने छैन । यसको अर्थ गैह्र सरकारी संस्थाहरू नै विश्वासिला छैनन् भन्ने चाहिं होइन । अन्य सहयोगी पक्ष पनि उत्तिकै जिम्मेवार हुने व्यवस्था भएमा चाहिं त्यो धेरै सम्भव छ । अहिले त विश्वासको कुरा नै प्रमुख हो । कतिपय जिल्लाहरू (जस्तै दोलखा, रामेछाप) मा बाह्य संस्थाहरू पनि वन कार्ययोजना हस्तान्तरणमा सहभागी भएका छन् र जिल्ला वन कार्यलयले पनि त्यसलाई अन्यथा लिएको पाइँदैन । कतिपय ठाँउमा जिल्ला वन अधिकृतहरूले अन्य सहयोगीहरूलाई पूर्ण विश्वास नगरेको पनि हुन सक्छ । त्यसैले यो वैधानिक कुराको साथै आपसी सम्बन्ध र विश्वासको कुरा पनि हो । "हाम्रो मेसिनरीलाई कुरा बुझ्न र परिवर्तन हुन पनि त समय लाग्छ नि ।"

☞ एकातिर सा. वन क्षेत्रमा सेवा प्रदान गर्ने काम एकदमै सुस्त र अपुग भइरहेको छ भने अर्कोतिर वन क्षेत्रका थुप्रै प्राविधिकहरु बेरोजगार छन् । त्यो क्षेत्रलाई समेत कानूनी रुपमा सा.वनको सेवा प्रदान गर्ने प्रक्रियामा समावेश गर्न यहाँको आ□नो क्षेत्रबाट के कस्ता प्रयासहरु गर्नु भएको छ ?

✍ त्यसको लागि पनि त समय लाग्छ । ती बेरोजगारहरू कति छन्, उनीहरूको क्षमताले के कस्ता सेवा प्रदान गर्न सक्छन् भन्ने कुरा पनि थाहा हुनुपर्‍यो । त्यो सबै बिस्तारै हुन्छ । हेर्नुस्, अहिले हामीले कार्ययोजना संशोधनको लागि प्रस्तावना आह्वान गरी विज्ञापन गरेका

छौं । यस्तोमा त्यस्ता सेवा दिन सक्ने गैह्र सरकारी र निजी क्षेत्र आउनुपर्‍यो नि ! जसबाट त्यसको प्रभावकारिताको बारेमा यो काम यसरी गरेपछि अझ धेरै थाहा हुन्छ । हामीले गरेको यो प्रयास निजी र गैह्र सरकारी क्षेत्रको सेवालाई मान्यता दिने र बढवा दिने सोचमै आधारित भएर गरेका हौं ।